उपत्ति आज के नै थियो, तिमी त्यसै तन्केकी थियौ
भत्केको बिग्रेको कहां थियो? तिमी त्यसै सन्केकी थियौ

ठोकी मुढा आगो बल्थ्यो, मान्छेमा गुण त्यो कहां?
प्राणभन्दा प्यारी थियौ, तिमी त्यसै रन्केकी थियौ

हांडाभांडा फुटे चर्के भान्सा भयो तमासाको
आइमाइको स्वभाव हो कि, तिमी त्यसै फन्केकी थियौ?

घर-सन्सार चलाउनु, झगडा परालको आगो हुनु
रिसै रिसमा सुद्धि गुमाई, तिमी त्यसै टन्केकी थियौ

फकाइ फुल्याइ कति गर्नु बोली बचन बन्द भो
गुना, नजिस्काउ मलाई धेरै, तिमी त्यसै थन्केकी थियौ